(आ.व. २०७९/०८०) बैठक नं.

आज मिति २०७९ साल पुस १२ गते मंगलवारका दिन हरिपुर नगर कार्यपालिकाको पन्धौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | चितोरा |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१. विनय पौडेल (प्रशासन अधिकृत)

२. अशोक कुमार थापा (कम्प्युटर अपरेटर)

३. अमित नारायण मिर्दाहा (कार्यालय सहयोगी)

*मिति २०७९।०९।१२*

## मिति २०७९/०९/१२ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्वन्धमा ।

२. एघारौं नगर सभा सम्बन्धमा।

३. रकम विनियोजित सम्वन्धमा ।

४. औषधी उपचार खर्चको वजेट विनियोजन र सोधभर्ना सम्वन्धमा ।

५. लागत सहभागीता विनियोजन सम्वन्धमा ।

६. सभाहलको स्तरउन्नती गर्ने सम्वन्धमा ।

७. विदाइ कार्यक्रम सम्वन्धमा ।

८. मल बिक्रेता थप गर्ने सम्वन्धमा ।

९. हाम्रो हरिपुर कार्यक्रम नवीकरण तथा निरन्तरता सम्वन्धमा ।

१०. कलभर्ट निर्माण सम्वन्धमा ।

११. आर्थिक सहयोग सम्वन्धमा ।

१२. नगर खेलकुद विकास कार्यविधि, २०७९ छलफल सम्वन्धमा ।

१३. नवीकरणीय उर्जा प्रविधि सम्वन्धमा ।

१४. निर्णय कार्यान्वयन तथा अनुमोदन सम्वन्धमा ।

१५. वडा नं. २ सखुवामा सामुदायिक स्वास्थ्य इकाइ स्थापना सम्वन्धमा ।

१६. विपद व्यवस्थापन सम्वन्धमा ।

१७. विद्युतीय पोल माग गर्ने सम्वन्धमा ।

१८. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्वन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको एघारौं नगर सभा मिति २०७९।०९।२५ गते सोमवारका दिन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको दशौं नगर सभाको चालुगत खर्च शिर्षकको पेज नं. ५५ को क्र.सं. ७७ मा मदरसा शैक्षिक व्यवस्थापनमा रकम रु. ५,००,०००।०० विनियोजन भएको रकम मध्ये हरिपुर नगरपालिका वडा नं. २ मदरसा इस्लामियाको शैक्षिक व्यवस्थापन र शौचालय निर्माणको लागि रकम रु ३,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

मिति २०७९।०९।१२

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०७८/१२/१३ गते स्वीकृत "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७८" अनुसार हरिपुर नगरपालिकामा २०७९ मंसिर मसान्त सम्म पेश भएका निवेदनहरुको लागि यस नगरपालिकाको चालु आ. व. मा मिल्दो शिर्षकबाट सापटी लिई भुक्तानी दिने र सो को सोधभर्नाको लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा लक्ष्मीपुर कोद्राहा स्वास्थ्य चौकीको व्यवस्थापन समिति, वन हर्ट नेपाल र हरिपुर नगरपालिकाको मिति २०७९ भाद्र २४ गते भएको त्रिपक्षीय सम्झौता अनुसार लक्ष्मीपुर स्वास्थ्य चौकी बर्थीग सेन्टर निर्माण तथा प्रस्तुतीकेन्द्र सुदृढीकरण गर्ने हेतुले ५० प्रतिशत वन हर्ट र ५० प्रतिशत नगरपालिकाले लागत व्यहोर्ने अनुरुप नगरपालिकाको पुँजीगत खर्च सि.नं. ४६ मा रहेको बिभिन्न योजनागत लागत सहभागिता खर्च शिर्षक नं. ३११५९ मा रहेको रु. १,५०,००,०००।०० मध्ये रु. १२,००,०००।०० विनियोजन गरी लागत सहभागिता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा हरिपुर नगरपालिका वडा नं. २ को प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरको सभाहलमा स्तरउन्नती गर्नलाई नगरपालिकाको पुँजीगत खर्च शिर्षक नं २३ मा रहेको हरिपुर स्वास्थ्य केन्द्रमा स्वास्थ्य विमा लागु भएकोले विउँपुँजी राखि सेवा सुलभ पु-याउन सोधभर्ना गर्न स्वास्थ्य विमा कार्यक्रम संचालनमा शिर्षक नं ३११३२ मा रहेको रु १०,८८,०००।०० मध्ये रु. ५,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत कार्यरत रही ६० बर्ष उमेर नाघेका महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई सम्मानजनक बिदाइ सहित अक्षेरुपी रु. २०,०००।०० का दरले दिने तथा अवकाश प्राप्त कर्मचारी महिला स्वयम् सेविकाहरुलाई सम्मानजनक बिदाइ गर्नको लागि नगरपालिकाको पुँजीगत शिर्षक नं. १८ मा पालिका भरी जेष्ठ नागरिकलाई उपचार तथा औषधी खरिद औषधी उपकरण खरिद स्वास्थ्य कर्मीहरुलाई सेवा सुविधाको लागि विनियोजित रकम रु. ३०,००,०००।०० मध्येबाट रकम रु. ३,५०,०००।०० विनियोजन गर्ने निर्णय गर्ने ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नगरपालिकाको कार्यालयमा मिति २०७९।०५।१९ गतेमा दिएको निवेदन र किसानहरु समेतको आवश्यकतालाई मध्येनजर गर्दै आवेदक संस्था श्री चौतारी साना किसान कृषि सहकारी संस्था लि. हरिपु-४, फरहदवालाई मल विकेताको रुपमा थप नियुक्ती गर्नको लागी सम्वन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा हाम्रो हरिपुर नामक रेडियो कार्यक्रम अघिल्लो आ.व.मा सामुदायिक रेडियो एकता लालबन्दीसँग सम्झौता भई संचालन भएकोमा यस आ.व.मा पनि उक्त कार्यक्रम सो संस्थासँग सम्झौता नवीकरण गरी निरन्तरता दिने निर्णय गरियो ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ७ पजियार टोलमा अति आवश्यक भएकाले प्राविधिकको निर्माण कार्य लागत अनुमान अनुसार नगरपालिकाको पुँजीगत खर्च तर्फको शिर्षक नं. ३११५९ कार्यपालिकाको बैठकको निर्णय अनुसार खर्च हुने रकम रु. ५०,००,०००।०० मध्येबाट रु. ३,७०,०००।०० विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

मिति २०७९।०९।१२

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको देहायका व्यक्तिहरु तथा संस्थाहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियो:

| क्र.सं. | आर्थिक सहायता लिने व्यक्तीको नाम थर | ठेगाना | रकम रु | कारण | शिर्षक |
|---|---|---|---|---|---|
| १ | श्री साजना काफ्ले | हरिपुर-१ | १०,०००।०० | औषधी उपचार | आर्थिक सहायता |
| २ | श्री कुम्भ माया बराल | हरिपुर-२ | १०,०००।०० | घर आगलागी | |
| ३ | श्री कमल माया ल्हायो | हरिपुर-१ | १०,०००।०० | औषधी उपचार | |
| ४ | श्री जय नरसिंह युवा क्लव | हरिपुर-४ | १०,०००।०० | फुटबल प्रतियोगिता | |

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकाको नगर खेलकुद विकास कार्यविधि, २०७९, हरिपुर, सर्लाहीको कार्यविधि छलफल गरी अगामी नगर कार्यपालिकाको बैठकमा स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल संघीय सशर्त तर्फका पुँजीगत खर्चको खर्च शिर्षकको ३११२२ नवीकरणीय उर्जा प्रविधि जडान अन्तर्गतको कार्यक्रमबाट आवश्यकता हेरी सौर्य उर्जा अन्तर्गत (सोलार बत्ती) जडान गर्न विनियोजित भएको रकम रु. ८,००,०००।०० बाट उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा कामका लागी पारिश्रमीकमा अधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना (प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७९।८०) को लागी स्थानीय निर्देशक समितिको मिति २०७९।०८।१९ गतेको बैठकबाट निर्णय भइ आए बमोजिमको बजेट तथा कार्यक्रमको ब्रेक डाउन अनुमोदन गरी तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ सखुवामा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्नका लागी आ.व. २०७९।०८० को खर्च शिर्षक नं ३११५९ मा रकम रु. ३,००,०००।०० विनियोजित भएको रकम मध्ये भौतिक निर्माण तर्फ भवन मर्मत सम्भार गर्न रु. २,००,०००।०० र व्यवस्थापन खर्च तर्फ रकम रु. १,००,०००।०० गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस वर्षको बढदो शितलहर र चिसोको कारण अतिगरिव, दलित, महिला र जेष्ठ नागरिकहरुलाई कष्टपुर्ण जिवनयापन बिताईरहेको हुनाले शितलहरबाट बच्नका लागी नगर भरी दाउरा वितरण लगायत अन्य कार्य गर्न यस नगरपालिकाको चालुगत खर्च शिर्षक नं. २२५२९ मा कार्यपालिकाको बैठकको निर्णय अनुसार खर्च हुने बाट रकम रु. २२,००,०००।०० मध्येबाट रकम रु. २,००,०००।०० विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडाहरुमा नयाँ बस्ती, कृषि कार्य, नयाँ बाटोहरु तथा घरहरु निर्माण भएकोले नेपाल विधुत प्राधिकरण कार्यालय लालबन्दीसँग ५०० थान पोल माग गरी जडान गर्नका लागि आवश्यक सहयोग माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस नगरपालिकाको आ.ब. २०७८।०७९ मा लेखापरीक्षण क्रममा व्यवस्थापन तथा अन्य खर्च रकम यस नगरपालिकाको चालुगत खर्च शिर्षक विविधबाट खर्च गर्ने निर्णय गरियो ।